# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## दशरथचन्द नगरपालिका
## बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३६८

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
दशरथचन्द नगरपालिका,
बैतडी।

**कैफियत सहितको राय**

हामीले दशरथचन्द नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. २ करोड ७३ लाख ५१ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।१।१३ मा प्राप्त प्रतिक्रियाबाट रु.४४ लाख ३६ हजार फर्स्योट भई असुल गर्नुपर्ने रु.२१ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८५ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.३२ लाख ८९ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.३३ करोड ९८ लाख २५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.३४ करोड २५ लाख ५० हजार रहेको छ ।यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको,वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## दशरथचन्द नगरपालिका,बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | ३८ | २७३५१ | ० | ७ | ४४३६ | २६ | ३१ | २२५८६ | २१३० | ३२८९ | ८५०७ | ० | ० | ११७९६ | ८६५९ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३३९८२५ | ० | १९८६१ | ३१९९६४ | ० | २२५८६ | ३४२५५० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दशरथचन्द नगरपालिका, बैतडी , दशरथचन्द नगरपालिका , बैतडी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | विक्रम बहादुर चन्द | २०७७-४-१ | |
| कार्यालय प्रमुख | गणेश सिंह ऐरी | २०७७-१०-१८ | |
| लेखा प्रमुख | उद्धव देव भट्ट | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २२,९२५,६९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,७३,४७,३९५.५१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५३,६३,४३,६२२ | **चालु खर्च** | ४६,७८,४३,४४३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५४,११,००० | **पूँजीगत खर्च** | १३,६७,३७,५९०.३३ |
| **राजश्व बाँडफाँट** | ७,५२,३४,९१४.८६ | **वित्तीय/अन्य व्यवस्था** | ११,८४,६४,८२६ |
| **आन्तरिक आय** | ५२,१७,५४९ | | |
| **अन्य आय** | १३,६९,८१,८४९.२८ | | |
| **कुल आय** | ७७,९१,८८,९३५.१४ | **कुल खर्च** | ७२,३०,४५,८५९.३३ |
| **बाँकी मौज्दात** | | ८,३४,९०,४७०.४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो।यो नगरपालिका अन्र्तगत ११ वडा रहेको, ५८ सभा सदस्य, १३५.१५ व.की.मी. क्षेत्रफल, ३४५७५ जनसंख्या सुदूरपश्चिम प्रदेशमा अवस्थित छ ।<br><br>**छलफल:** लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।२१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा संघ तथा प्रदेश तर्फको रु.४,८१,२२,६२२।८४ तथा वढी भुक्तानी रु. ३४००। समेत रु.४,८१,२६,०२२।८४ मिति २०७८।६।१८ मा सम्वन्धित सञ्चितकोषमा दाखिला भएको छ।<br>**वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । बैंक स्टेटमेन्ट पेश हुन नआएबाट श्रेस्ताको मौज्दात र बैंक मौज्दात ठिक दुरुष्ट छ भनी यकिन गर्न सकिएन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ।तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १,४८,४९,६८८।५३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २,७३,४७,३९५।५१ जिम्मेवारी सारेको देखियो।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,२४,९७,७०६।९८ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ। | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमादेखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकीरहेको रकम आर्थिकवर्षको अन्तमा स्थानीयतहको संचितकोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भएपश्चात् पनि चालु खर्च खतामा रु.३२५५४५३३।२६, पुजीगत खर्च खातामा रु.११२५०४६१।१७ समेत गरी रु.४३८०४९९४।४३ मौज्दात रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेकोपाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्चसंरचना तयारगर्नुपर्नेमा पालिकाले सो बमोजिममध्यकालीन खर्चकोसंरचनातयार गरेको पाईएन ।<br>• स्थानीयतहसंचालन ऐन, २०७४ को दफा६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोतअनुमान र बजेटसीमा निर्धारणसमिति र बजेटतथाकार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समितिगठन गरेकोपाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्थादर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालनभएका विभिन्नयोजना निर्माणकार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभकासाथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नुगराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट पेश,पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपप्रमुख श्री कुश्मा चन्दले मिति २०७७।३।१५ गते रु. ६३ करोड ७७ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१५ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ५ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि | |

<table>
<tr><td></td><td></td><td></td><td>आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>अघिल्लो आर्थिक वर्षको खर्च<br>गो भौ नं १२७।२०७७।१०।२९ र १४८।२०७७।११।३ प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ मा चालु बर्षको बजेटले नखामेमा खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा प्रमाणित गराई रखेको अवस्थामा उक्त खर्चको भुक्तानी अर्को आर्थिक वर्षमा दिन सकिने उल्लेख छ।पालिकाले गरेका देहाय वमोजिमका भुक्तानीका विल भरपाईहरु अघिल्लो आर्थिक वर्षका रहेका र भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी नराखेकोले नियमित हुनुपर्ने देखिएको रु
<table>
<tr><td>काम</td><td>विल भरपाई मिति र देखिएका व्यहोरा</td><td>खर्च रकम</td></tr>
<tr><td>आयोजना व्यवस्थापन</td><td>कम्वल र विद्युतिय सामाग्री विल मिति २०७७।१।२३, २।२५ र ३।२२ का रहेका</td><td>११९९७३।०</td></tr>
<tr><td>दाडीपानी खा पा योजना</td><td>उपभोक्ता समिति गठन २०७६।१०।६, सम्झौता २०७७।७।२५ कार्य सम्पन्न २०७७।८।१५ पाइप फिटिङ र सिमेन्टका विल मिति २०७५ वैशाख जेठका ढुंगा गिट्टीका भरपाई मिति २०७६ असोजका डोर हाजिर मिति २०७५ असोज देखि २०७५ चैत्र सम्मका</td><td>७२००००।०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८३९९७३।००</td></tr>
</table></td><td>८३९,९७३</td></tr>
<tr><td>७</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ कोनियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिमछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | **५४०६९६** | **१५८२५१** | **७७३७६** | **३०५०६९** | **२९८०७** |
| २ | पूँजिगत खर्च तर्फ | **१३२२३२** | **१६१५** | **३४१३८** | **९६४७९** | **४८९४७** |
| ३ | जम्मा | **६७२९२९** | **१५९८६६** | **१११५१५** | **४०१५४८** | **७८७५५** |
| | प्रतिशत | | २३.७५ | १६.५७ | ५९.६७ | ११.७० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.६७ करोड २९ लाख २९ हजार निकासाभएकोमाप्रथम चौमासिक मा रु.१५ करोड ९८ लाख ६६ हजार अर्थात २३.७५ प्रतिशत, दोश्रो चौमासिकमा रु.११ करोड १५ लाख १५ हजार,अर्थात १६.५७ प्रतिशत र तेश्रो चौमासिकमा रु.४० करोड १५ लाख ४८ हजार, अर्थात ५९.६७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.७ करोड ८७ लाख ५५ हजार अर्थात ११.७० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

८

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट रकम रु हजारमा | खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| | आर्थिक विकास | **८२१४** | **३५१५** | ०.८२ |
| १ | पूर्वाधार विकास | **१०६१०** | **४७४९** | १.१० |
| २ | सामाजिक विकास | **३४५५५२** | **३२११७७** | ७४.५० |
| ३ | बातावरण तथा विकास | **२२९६४** | **२०५७४** | ४.७७ |
| ४ | संस्थागत विकास र सुशासन | **0** | **0** | |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | **८३०१५** | **८१०९६** | १८.८१ |
| | जम्मा | **४७०३५५** | **४३११११** | **१००** |

उपरोक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ७४.५० प्रतिशत र घटीमा आर्थिक विकास ०.८२ प्रतिशत रहेको छ।

९

**खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५२ लाख १७ हजार राजस्व बाँडफाँड वाट रु ७ करोड ५२ लाख ३४ हजार र विभिन्न अनुदानबाट समेत रु ८० करोड ६५ लाख ३६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ५८ करोड ७ लाख ४३ हजार र पूँजिगत तर्फ रु १४ करोड ४ लाख ४१ हजार समेत रु ७२ करोड ११ लाख ८४ हजार खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७२ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ९२ लाख ९२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३६९.७९ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.५२ प्रतिशत चालु र १९.४७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१०

**लक्ष्य प्रगति**

कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्लास्तरिय तथा केन्द्रियस्तरियका ७१९ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ।

११

**संगठन तथा कर्मचारी व्यवस्थापन**

| | | | | |
|---|---|---|---|---|
| | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीयतहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ४५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर ,सहित ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असरपरेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १२ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न विभिन्न पदमा ९ जना कर्मचारीहरु करारमा राखि रु.९८ लाख १८ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न विभिन्न पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.९८ लाख १८ हजार भुक्तानी गरेको नियम सम्मत देखिदैन । | |
| १३ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५५ लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | ५,५००,००० |
| १४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ११ दरबन्दी भएकोमा १० पदपूर्ति भई १ रिक्त भएको देखियो। नियमानुसार रिक्त दरवन्दी पदपुर्ति हुनुपर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन।पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाखदेखि ५ लाख सम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १८५ | १०६ | २९ | २४ | ३४४ | १८५ |

उपरोक्त विवरण अनुसार यस वर्ष नगर पालिकाले संचालन गरेका रु. ५० हजार देखि २ लाख सम्मका जम्मा १८५ योजना तथा रु.१० लाख भन्दा मुनिका ३२० वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने भएकोले पालिकाले दिगो रुपमा प्रतिफल दिने गरी ठूला योजनाहरुलाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउन ध्यान दिनु पर्दछ

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१ करोड ९२ लाख ९२ हजार सुविधा वापत भुक्तानी भएको छ । | |


https://nams.oag.gov.np

| सि सि न | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ११ जना | का पा सदस्य ८ जना | सभा सदस्य ३६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १९०००।० | १९०००।० | २०९०००।० | १५२०००।० | ३६०००।० | ४३५००० |
| २ | यातायात खर्च | ० | २१००००। | ५७७५००।० | ० | ० | ७८७५०० |
| ३ | टेलिफोन,मोबाइल | १४७०००।० | १२६०००।० | ९२४०००।० | ५८८०००।० | १८९००००।० | ३६४३५००।० |
| ४ | पुस्तक,पत्रीका | १३६५००। | १०५०००। | ९२४०००।० | ५८८०००।० | १८९००००। | ३६४३५००।० |
| ५ | समन्वय सहजीकरण | २१००००। | १८९०००। | १५०१५००। | १००८०००।० | ३०२४०००। | ५९३२५००।० |
| ६ | अतिथि सत्कार | २३१०००। | २१००००। | १८४८०००। | ० | ३७८०००।० | २६६७०००।० |
| ७ | खानेपानी/बिजुली | ८४०००।० | ७३५००।० | ५७७५००।० | ४२००००।० | ७५६०००।० | १९११०००।० |
| ८ | चाडपर्व खर्च | २७५००।० | २५०००।० | १९८०००।० | ८००००।० | २८८०००।० | ६१८५००।० |
| | जम्मा | ८५५०००। | ९५७५००। | ६७५९५००। | २८३६०००।० | ७८८४०००। | १९२९२०००।० |

१८ **आर्थिक सहायताः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । कार्यालयले यो वर्ष औषधि उपचार शिर्षकबाट रु.२,००,०००।..., उद्धार, राहत तथा पुनर्स्थापना शिर्षकबाट रु.७९९,८००।... आर्थिक सहायता उपलब्ध गराएको देखिएको छ । साथै विविध शिर्षक र सेवा तथा परामर्श शीर्षकबाट पनि आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहायता उपलब्ध गराउने सम्वन्धमा नियन्त्रण गर्नु पर्दछ ।

१९ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७८।६।१८ मात्र फिर्ता गरेको छ। खर्च नभई बाँकी रहेको रकम समयमानै सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३७९१५९६२२।० | ३४९९३१०००।० | २९२२८६२२।० |
| | विषेश | २११००००००।० | १५४७१६८२।४१ | ५६२८३१७।५९ |
| | समपुरक | १६६८४०००।० | ५९८४४९७।७६ | १०६९९५०२।२४ |
| **प्रदेश सरकार** | शसर्त | ५९१७०००।० | ५४८९१७७।३० | ४२७८२२।७० |
| | विषेश | ५८००००००।० | ५५१०६४१।६९ | २८९३५८।३१ |
| | समपुरक | ६३७९०००।० | ४५३००००।० | १८४९०००।० |
| | **जम्मा** | ४३५०३९६२२।० | ३८६९१६९९९।१६ | ४८१२२६२२।८४ |

| २० | | | **नाफामूलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको लागि रु ८ लाख ६४ हजार अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । | |
|---|---|---|---|---|

| सि नं | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १११ १ | पुष्पा पुष्प व्यवसाय फर्म | व्यवसाय प्रवर्द्धन | ४८००००।० |
| २ २ | पि एम वहुउद्देश्यीय वाख्रा तथा माछा पालन फर्म | वाख्रा पालन | ३८४०००।० |
| | **जम्मा** | | **८६४०००।०** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| २१ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** | |
|---|---|---|---|---|

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५५९८७३०।०० भुक्तानी दिएको पाईयो।

| सि.नं. | भौचर नम्बर मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | २।२०७७।६।२६ | वेवारिसे वालवालिका रेखदेख | ७५७७५।०० |
| २ | १३।२०७७।७।३ | कोभिड विरामीलाई खाना | ९८४००।०० |
| ३ | १४।२०७७।७।४ | एम्वुलेन्स मर्मत | ६६६२४।०० |
| ४ | ३३।२०७७।७।२६ | तलब कम्प्युटर अपरेटर | १८०००।०० |
| ५ | ७७।२०७७।९।२३ | सामुदायिक रेडियो सौगात एफ एमलाई | ४८००००।०० |
| ६ | ७६।२०७७।९।२३ | खेलाडी तथा प्रशिक्षकलाई खाना | २८०००।०० |
| ७ | ८७।२०७७।९।२४ | खानेपानी पाइप वितरण | २८८०००।०० |
| ८ | ८०।२०७७।९।२३ | सूचना प्रकाशन प्रचार प्रसार | ५००००।०० |
| ९ | ८१।२०७७।९।२३ | कोभिड औषधी लगायतका सामाग्री | ७०००००।०० |
| १० | ८५।२०७७।९।२४ | खेलकुद सामाग्री | ८००००।०० |
| ११ | ४५।२०७७।९।३ | कोभिडवाट सृजित संकट व्यवस्थापन | १०२००००।०० |
| १२ | ५२।२०७७।९।१० | स्वास्थ्यकर्मीलाई भत्ता | १२०००।०० |
| १३ | ५३।२०७७।९।१३ | कृषकहरुलाई मिनिकिट वितरण | ५०६४०।०० |
